# मेलौली नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### मेलौली, बैतडी, सुदुरपश्चिम, नेपाल

# नीति, कार्यक्रम तथा बजेट
**आर्थिक वर्ष २०७९/८०**

**मेलौली नगरपालिकाको पहिलो नगर सभाको उद्घाटन सत्रका सभाध्यक्ष महोदय,**
**नगर सभाका पार्षद्ज्यूहरु,**
**प्रमुख प्रशासकीय अधिकृतज्यू,**
**कर्मचारी साथीहरु, सञ्चारकर्मी मित्रहरु, सुरक्षाकर्मी, बुद्धिजीवि र उपस्थित महानुभावहरु ।**

यस मेलौली नगरपालिकाको यस सम्मानीत पहिलो नगरसभामा आगामी आ.व. २०७९/८० को नीति तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहन्छु ।
सर्वप्रथम, नेपालको सार्वभौमसत्ता, स्वाधिनता, भौगोलिक अखण्डता, राष्ट्रिय हित र लोकतन्त्रीक गणतन्त्रात्मक शासन व्यवस्थाको स्थापनाको लागि भएका आन्दोलनहरु, दश वर्षे जनयुद्ध लगायतका जनक्रान्तिहरुमा आफ्नो अमूल्यजीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात-अज्ञात सहिदहरु प्रति भावपूर्ण श्रद्धाञ्जली एवं श्रद्धासुमन अर्पण गर्दछु ।
स्वाधिन, समुन्नत एवम् आत्मनिर्भर अर्थतन्त्रको निर्माणको आवश्यकता र संविधानले निर्देश गरेको समाजवाद उन्मुख अर्थव्यवस्थाको आधार निर्माण गर्न जरुरी छ। गरिवीको रेखामुनी रहेका तथा विभेद र वहिष्करणमा परेका वर्ग, क्षेत्र, लिङ्ग जाति समुदाय लगायत सवै नागरिकको विकास र समृद्धिको आकांक्षा सम्बोधन गर्न बजेट केन्द्रित गर्न प्रयास गरेको छु ।
संघीय लोकतान्त्रीक गणतन्त्रात्मक शासन व्यवस्था पछीको स्थानीय तहको दोस्रो आवधिक निर्वाचनमा सक्रिय सहभागि भएर आफ्नो अमुल्य मत प्रदान गर्नुहुने सम्पुर्ण जनताहरुमा हार्दिक धन्यवाद व्यक्त गर्दछु ।
यस उद्घाटन सत्रमा हाम्रो निमन्त्रणालाई स्वीकार गरी आतिथ्यता ग्रहण गरिदिनु हुने नगर सभाका पार्षदज्यूहरु लगायत सम्पूर्ण महानुभावहरु प्रति हार्दिक स्वागत अभिवादन गर्दछु ।

**आदरणीय सभाध्यक्ष महोदय,**
लामो समय देखीको विस्वव्यापी कोभिड १९ कोरोना भाईरस र रसिया युक्रेन युद्वको प्रभावबाट मुलुकको अर्थतन्त्र कमजोर बनेको छ ।हाम्रो नगरपालिका पनि यसबाट अन्त्यन्तै प्रभावित बनेको छ

।उत्पादन तथा वितरण प्रणाली, विकास निर्माण र सेवा प्रवाहमा अवरोध श्रृजना भई नगरको सम्पुर्ण मानवीय, सामाजिक र आर्थिक पक्षमा प्रतिकूल प्रभाव परेको छ ।

हामी निर्वाचित भएर आएको पहिलो वर्ष भएकाले यो भन्दा अगाडिको सरकारले गरेका विकास निर्माणका कार्यहरु र त्यसप्रति जनताले बनाएको धारणा, नगर सँग जनताले गरेका माग तथा आवश्यकता आधारमा स्थानीय स्रोत साधनको अत्याधिक परिचालन मार्फत स्थानीय अर्थतन्त्रलाई गतिशिल र आत्मनिर्भर बनाउदै लोककल्याकारीता तर्फको गतिशिल यात्रा तय गरेका छौं । स्वास्थ्य, शिक्षा, कृषि, दिगो उत्पादनसिल रोजगारी, पूर्वाधार विकास र सम्पुर्ण मानव विकासका पक्षमा प्राथमिकता दिई समावेशी विकासको मार्गमा अगाडि बढ्न जनप्रतिनिधी, राजनैतिक दल, नगरवासी सबैको समन्वय, सहकार्य, ऐक्यवद्धता, आपसी सहिष्णुता, भातृत्व र मानवीय व्यवहारले मात्रै सम्भव हुन्छ भन्ने विषय यस गरिमामय नगरसभा समक्ष निवेदन गर्न चाहन्छु ।

**आदरणीय सभाध्यक्षमहोदय,**

यस नगरपालिकाले आ.व. २०७९/८० को वार्षिक नीति तथा कार्यक्रम तर्जुमा गर्दा लिएका प्रमुख आधारहरु निम्न रहेका छन् ।

- नेपालको संविधान,
- स्थानीय सरकार संचालन ऐन, २०७४,
- अन्तरसरकारी वित्त ब्यवस्थापन ऐन, २०७४,
- राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४,
- संघीय र प्रदेश सरकारले जारी गरेका विषयगत नीति तथा कानूनहरु,
- स्थानीय तहको वार्षिक योजना तर्जुमा दिग्दर्शन, २०७४,
- १५औं आवधिक योजनाले आत्मसाथ गरेको दीर्घकालिन सोच, लक्ष्य, उद्देश्य, क्षेत्रगत नीति तथा कार्यक्रम र अवलम्बन गरिएका रणनीतिहरु,
- संघीय सरकार र सुदूरपश्चिम प्रदेश सरकारको आर्थिक वर्ष २०७९/८० को नीति कार्यक्रम तथा बजेट,
- सन् २०३० सम्म पुरा गर्नुपर्ने गरी निर्धारण गरिएका दिगो विकासका लक्ष्यहरु,
- नेपालले अन्तर्राष्ट्रिय मञ्चहरुमा गरेका प्रतिवद्धताहरु,
- यस नगरपालिकाको विगतका आर्थिक वर्षहरुका नीति, कार्यक्रम र क्रमागत आयोजनाहरु,
- नगरपालिकाका विषयगत समितिबाट प्राप्त सुझाव,

नगरपालिकामा अन्य विभिन्न माध्यमबाट प्राप्त भएका सुझाव तथा कार्यक्रमहरु ।

**यस गरिमामय नगर सभाका सदस्यज्यूहरु,**

अव म चालु आर्थिक वर्ष २०७८/८० को आय र व्ययको समिक्षा पेश गर्न अनुमती चाहन्छु ।

| क्र.स. | बजेट स्रोत आय तर्फ | अनुमानित आय रकम | अनुमानित व्यय रकम |
|---|---|---|---|

| | | | |
|---|---|---|---|
| १ | राजश्व बाँडफाँड संघ | ७ करोड ५३ लाख ७ हजार | ४ करोड ३० लाख ७२ हजार २७२ |
| २ | राजश्व बाँडफाँड प्रदेश | ३८ लाख १४ हजार | २२ लाख ८८ हजार १२७ |
| ३ | वित्तीय समानिकरण संघ | ९ करोड ७१ लाख | ३ करोड ३७ लाख९८ हजार ९ सय ६ |
| ४ | वित्तीय समानिकरण प्रदेश | ६७ लाख १ हजार | २४ लाख ३० हजार ५ सय १४ |
| ५ | आन्तरिक स्रोत | ५४ लाख | १९ लाख |
| ६ | गत आ.व. को बैङ्क मौज्दात | १ करोड ९५ लाख | १ करोड ९० लाख |
| ७ | सशर्त अनुदान संघ | २३ करोड ३३ लाख | १२ करोड ५८ लाख ३४ हजार ८९ |
| ८ | विशेष अनुदान संघ | २ करोड ५० लाख | १७ लाख ६० हजार |
| ९ | समपुरक अनुदान संघ | ४२ लाख | ७ लाख ५० हजार ४७ |
| १० | विशेष अनुदान प्रदेश | ५० लाख | ४ लाख ८ हजार ८ सय १५ |
| ११ | समपुरक अनुदान प्रदेश | ६२लाख ५० हजार | १९ लाख ९३ हजार ३ सय ४३ |
| १२ | सामाजिक सुरक्षा भत्ता | १० करोड | ७ करोड ८० लाख |
| १३ | औद्योगिक ग्राम स्थापना | ९२ लाख | ० |
| १४ | प्रशासनिक सुधार कन्टेन्जेन्सी सहित | १५ लाख १६ हजार | १५ लाख |
| १५ | जम्मा | ५९करोड २२ लाख ८८ हजार | ३१ करोड २७ लाख ३६ हजार १ सय १५ |

**आदरणीय सभाध्यक्ष महोदय,**

अब म मेलौली नगरपालिकाले आ.व. २०७९/८० को नीति तथा कार्यक्रम तर्जुमाका प्राथमिकताहरु उल्लेख गर्न चाहन्छु ।

१. गुणस्तरीय स्वास्थ्य तथा शिक्षा,

२. उत्पादनशिल र आत्मनिर्भर कृषि अर्थतन्त्रको विकास,

३. उत्पादनशिल र मर्यादित रोजगारी अभिवृद्धि,

४. वातावरण अनुकुलन एवम् दिगो पूर्वाधार विकास,

५. सार्वजनिक सेवाको सुदृढिकरण र सुशासनको प्रत्याभुति,

६. दिगो, पूर्ण र उत्पादनशिल सामाजिक सुरक्षा र संरक्षणको प्रत्याभुति,

७. स्वच्छ खानेपानी तथा सरसफाई,

८. विकासका अवसरहरुमा समन्यायीक पहुँच,

९. लैङ्गीक समानता र सामाजिक समावेशीकरण आदि ।

**सभाध्यक्ष महोदय,**

अव म आगामी आ.व. २०७९/८० का लागी यस नगरपालिकाले आत्मसाथ गर्ने प्रमुख नीतिगत मार्गदर्शन प्रस्तुत गर्ने अनुमती चाहन्छु ।

१. गुणस्तरीय स्वास्थ्य सेवा र त्यसमा नगरवासीको समन्यायीक पहुँच बढाई स्वस्थ, मर्यादित र सन्तुलित जिवन पद्धतिको विकास गर्न समग्र स्वास्थ्य प्रणालीमा जोड दिइनेछ ।

२. नगर क्षेत्रभित्र सञ्चालीत सामुदायिक विद्यालयको क्षमता विकास, स्रोत साधनको उपलब्धता, विधार्थीको भर्नादर र टिकाउदर बढाई गुणस्तरीय शिक्षा प्रणालीमा जोड दिइनेछ ।

३. नगर क्षेत्रभित्र कृषिका सम्भावनाहरुको पहिचान गरी सुदृढ र उत्पादनशील कृषि प्रणालीको विकास मार्फत दिगो उत्पादनसिल स्थानीय रोजगारी सृजना, गरिवी निवारण र मानव विकासमा जोड दिइनेछ ।

४. सार्वजनिक सेवाको सुदृढीकरण, सुशासनको प्रत्याभुति मार्फत स्थानीय सरकारलाई जनउत्तरदायी, प्रभावकारी, व्यवसायिक, प्रतिष्पर्धी, समावेशी र सेवामुखी नागरिक सरकारको रुपमा विकास गरिनेछ ।

५. जनताका माग तथा आवश्यकता र सहभागितामा आधारित गुणस्तरीय दिगो पूर्वाधार विकास र त्यसबाट प्राप्त प्रतिफलको समन्यायिक वितरणमा जोड दिइनेछ ।

६. नगरक्षेत्रभित्र रोजगारीका अवसरहरुको पहिचान गरी सुरक्षित, मर्यादित रोजगार प्रणाली मार्फत नगरभित्र वेरोजगारीका समस्याहरु समाधान गरिनेछ ।

७. पर्यटकिय सम्भावनाको पहिचान गरी नगरक्षेत्रभित्र पर्यटनमा आधारित विकास र त्यसलाई बेरोजगारीको समस्या सामाधान गर्ने प्रमुख अवसरको रुपमा प्रवर्धन गरिनेछ ।

८. स्थानीय करको दायरा फराकिलो र दर स्थीर राखी नयाँ स्रोतहरुको खोजी गरी आन्तरिक आय वृद्धि गरिनेछ ।

९. उत्कृष्ट करदातालाई सम्मान कार्यक्रम गरिनेछ।

१०. स्व-उत्प्रेणामुलक र स्व-सहभागितामुलक कर प्रणालीको विकासमा जोड दिइनेछ ।

११. नगरपालिकाका काम कारवाहिलाई विद्युत्तिय प्रणालीमा आवद्ध गरी सुचना र प्रविधि मैत्रि सेवा प्रवाह र विकास ब्यवस्थापनमा जोड दिइनेछ ।

१२. नगरक्षेत्रमा औद्योगिक, व्यापारिक, व्यवसायिक, कृषिजन्य तथा पर्यटकीय क्षेत्रलाई सृदृढ तथा व्यवस्थित गरी आर्थिक क्रियाकलाप विस्तार गरिनेछ ।

१३. सार्वजनिक, निजी सहकार्य र साझेदारीको माध्यमबाट नगरहितका क्षेत्रमा कार्यहरु सञ्चालन गर्ने तर्फ जोड दिईनेछ ।

१४. लैङ्गिक उत्तरदायी शासन प्रणाली प्रवर्धन गर्न महिलाको समग्र उत्थान, सशक्तिकरण तथा लैङ्गिक समानता, हासिल गर्न र लैङ्गिक हिंसाको अन्त्य गर्न विशेष कार्यक्रम संचालन गरिनेछ ।

१५. सीपमूलक एवम् उद्यमशील तालिम मार्फत यस नगरपालिका भित्र रहेका मुक्त कमैया, दलित, आदिवासी, जनजाती, विपन्न परिवारका सदस्यहरुलाई रोजगार तथा अन्य आय आर्जनका कार्यक्रममा संलग्न गराई उनीहरुको आर्थिक विकासमा जोड दिइनेछ ।

१६. नगरपालिकालाई स्वस्थ, सफा, सुन्दर, हराभरा राख्न बैज्ञानिक फोहर ब्यवस्थापन, हरियाली प्रवर्द्धन र नागरिकको जीवनपद्धतिलाई प्रयावरणसँग आवद्ध गरिनेछ ।

१७. नगरपालिकामा प्लाष्टिक प्रयोगलाई निरुत्साहनका लागि पुनः प्रयोग गर्न सकिने र स्थानीय उत्पादनमा आधारीत हाते झोला र डस्पीनहरुको प्रयोग बढाईनेछ ।

१८. सम्भावित जोखीम तथा विपद्हरुको पहिचान, विपद् जोखीम न्युनीकरण, पुर्वतयारी, शिघ्र प्रतिकृया, उद्धार, राहत, पुनः निर्माण र पुनः स्थापनाका हरेक पक्षमा नगरको क्षमता विकास र उपलब्ध साधन स्रोतको अधिकतम परिचालन गरिनेछ।

१९. जनताको क्षमता विकास र सशक्तिकरण गरी स्थानीय स्तरबाट सक्षम नेतृत्व, जिम्मेवार नागरिकको विकास गर्न जनताको माग र आवश्यकताका आधारमा तालिमहरु सञ्चालन गरिनेछ ।

२०. स्थानीय शासनका हरेक पक्षमा नागरिकको सहभागिता र संलग्नता मार्फत स्थानीय स्तरबाट सुसंस्कृत दिगो लोकतान्त्रिक शासन प्रणालीको विकास गरिनेछ ।

२१. स्थानीय भाषा, साहित्य, कला र संस्कृतीको सम्बर्धन र प्रवर्धन गरिनेछ ।

२२. नगरपालिकालाई वालश्रममुक्त नगरपालिका घोषणा गरिनेछ । वालवालीकाको हक र अधिकारका लागि आवश्यक अन्य व्यवस्था गरिनेछ ।

२३. स्थानीय न्यायीक समितिलाई थप प्रभावकारी बनाई न्याय सम्पादन कार्य छिटो छरितो र प्रभावकारी रुपबाट आगाडी बढाइने छ ।

**सभाध्यक्ष महोदय,**

अव म आ.व. २०७९/८० को क्षेत्रगत नीतिगत मार्गदर्शन प्रस्तुत गर्ने अनुमती चाहन्छु ।

## १. आर्थिक विकास

### कृषि तथा पशुपंक्षी

१. नगरपालिकामा रहेको माटोको परिक्षण गरी आधुनिक कृषि प्रणाली अवलम्बन गरिनेछ ।

२. कृषि उत्पादन र उत्पादकत्व बृद्धि गर्न वाली सघनतामा बृद्धि गर्न कार्यक्रम संचालन गरिनेछ ।

३. कृषि उत्पादन र उत्पादकत्व बृद्धि गर्न उत्पादन सामग्रीमा ५० प्रतिसत अनुदान उपलब्ध गराउने कार्यक्रम संचालन गरिनेछ ।

४.	मेलौली नगरपालिकालाई विभिन्न वालीमा आत्म निर्भर वनाउन पकेट क्षेत्र विस्तार कार्यक्रम अन्तर्गत एक वडा एक उत्पादन कार्यक्रममा कृषि उत्पादन सामाग्रीका साथै उत्पादनमा अधारित अनुदान उपलब्ध गराउने कार्यक्रम संचालन गरिनेछ ।

५.	नरपालिकाले उत्पादनमा आधारीत रहि उत्कृष्ट नगर कृषक  घोषणा गरी आवश्यक पूरुष्कार घोषणा गरीनेछ ।

६.	लक्षित बर्गलाई आय मुलक कार्यक्रम संचालन गरिनेछ ।यस अन्तर्गत तरकारी खेती, पकेट मौरी पालन, एक घर एक करेसावारी जस्ता कार्यक्रम सञ्चालन गरीनेछ।

७.	मौरीपालन, बाख्रापालन, भैसीपालनलाई दिगो उत्पादनमुलक र भरपर्दो बनाईनेछ ।

८.	कृषि प्रविधि हस्तान्तरण गर्न वाली  विषयगत सिपमुलक तालिम संचालन गरिनेछ ।

९.	माटो र हावा पानी सुहाउदो वाली तथा फलफुल खेती विस्तार गरिने छ।

१०.	विदेशबाट फर्केका तथा वेरोजगार कृषि व्यवसायीका लागि मागमा आधारित आय आर्जजनसंग सम्बन्धित व्यवसायहरु साझेदारीमा संचालन गरिनेछ ।

११.	सामुदायिक तथा अनुत्पादक पशुहरुको संख्या घटाउन विभिन्न ठाँउमा घुम्ती पशु वन्ध्याकरण शिविर सञ्चालन गरिनेछ ।

१२.	मेलौली नगरपालिकालाई दुधमा आत्मनिर्भर गर्न र उत्पादक पशुहरुको संख्याबाट दुध उत्पादन वृद्धि गर्न कृत्रिम गर्भाधानमा विशेष जोड दिने र कृत्रिम गर्भाधान केन्द्रको क्षेत्र बिस्तार गरिनेछ ।

१३.	कृत्रिम गर्भाधान सेवा नपुगेका ठाँउमा नश्ल सुधारका लागि उन्नत जातका भालेहरु विशेष अनुदानमा उपलब्ध गराइनेछ ।

१४.	पशुपालन व्यवसायलाई प्रभावकारी बनाउन र कृषकहरुको भविश्यमा हुने हानी नोक्सानीबाट बचाउन पशु धनको सुरक्षाका लागि सुलभ ऋण र पशुपंक्षी बिमाको लागि विशेष पहल गरिनेछ ।

१५.	सीमान्कृत, अति विपन्न, एकल महिला, पुरुष, मुक्त कमैया, दलित समुदाय,मुक्त हलियाका परिवारहरुको पहिचान गरी ग्रामिण कुखुरा विकास कार्यक्रम सञ्चालन गरिनेछ ।

१६.	गाई/भैसी/मत्स्य पालन, डेरी पसल, मासु पसल व्यवसायलाई सुधार र प्रोत्साहन गर्न अनुदानका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

१७.	विभिन्न जातका पशुपंक्षी पालनको लागि मागमा आधारित सिप विकास कार्यक्रम सञ्चालन गरिनेछ ।

१८.	जुनेटिक रोगहरु, तथा अन्य रोगहरु को बारेमा जनचेतना जगाउन विभिन्न वडाहरुमा परजिवी नियन्त्रण तथा घुम्ती शिविरहरु सञ्चालन गरिनेछ ।

१९.	पशुपंक्षीमा लाग्ने विभिन्न रोगहरुको बारेमा गुणस्तरिय तथा भरपर्दा उपचार सेवा प्रदान गरिनेछ ।

२०.	कृतिम गर्भाधानबाट ब्याएका गाई/भैसी/बाख्रा को लागि निशुल्क रुपमा मिनरल ब्लक र भिटामिनहरु वितरण गरिनेछ ।

२१. मासु पसल, डेरी पसल, एग्रोभेट तथा विभिन्न पशुपालन फर्महरुको समय समयमा नियमन गरिनेछ ।

२२. मागमा आधारित लागत साझेदारी कार्यक्रमहरुमा माछा/मासु पसलहरु सुधार गर्न लगाई स्वच्छ मासु उत्पादनमा जोड दिइनेछ ।

२३. नगरपालिकामा उपयुक्त स्थान पहिचान गरी स्तरीय नमुना कृषि फर्म स्थापना गरिनेछ ।

२४. वास्तविक किसानहरुको पहिचान, क्षमता विकास गरी तिनीहरुको जीवनस्तरमा सकारात्मक परिर्वतन ल्याउने किसिमका कार्यक्रम सञ्चालनमा ल्याईनेछ ।

२५. नगरस्तरीय मेयर, उपमेयर उत्कृष्ट कृषक सम्मान कार्यक्रम संचालन गरिनेछ।

२६. कृषि क्षेत्रमा नविनतम प्रविधि प्रयोग तथा ज्ञान सिप आदान प्रदानका लागि अवलोकन भ्रमण सम्बन्धी कार्यक्रमहरु संचालन गरिनेछ।

२७. नगरपालिकामा कृषि उत्पादन प्रदर्शनी मेला आयोजना गरिने छ र उत्कृष्ट कृषकहरुलाई पूरुष्कृत गर्ने व्यवस्था गरिनेछ ।

२८. प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना लाई प्रभावकारी बनाईनेछ ।

२९. नगरपालिकामा रहेका सम्पुर्ण कृषि समुहहरुलाई सहकारीमा रुपान्तरण गर्ने नीति ल्याईनेछ ।

३०. कृषि उत्पादन बढाउन र कृषकहरुलाई उन्नत जातका बिउ विजन तथा हिउँदे र बर्षे फलफुलका विरुवाहरु प्रति आकर्षित गराउनका लागि तरकारी तथा फलफुलका विरुवाहरु वितरण गरिने छ।

३१. पशु आहार व्यवस्थापनकालागि १२ महिना हरियो घासँ उत्पादन,दुध तथा मासु उत्पादन गर्न एक बर्षिय, बहुबर्षिय घाँसको विउ तथा सेटसहरु वितरण गरिने छ।साथै डाले घाँसका विरुवाहरु वितरण गरिने छ।

३२. भु उपयोग सम्बन्धी योजना तर्जुमा गरी कृषि पकेट क्षेत्र निर्माण गरी नगरको उत्पादनमा विविधिकरण गर्न प्रोत्साहन गरीनेछ ।

३३. कृषकहरुलाई समुह वा सहकारीमा आवद्ध गरी कृषि पाठशाला सञ्चालन गर्ने नीति लिईनेछ ।

**३४.** कृषकहरुले पालन गरेका गाई,भैसीं,भेडा,बाख्रा,बगुंर आदिको उपचार सेवाको व्यवस्था गरिने छ।

## उद्योग, वाणिज्य र पर्यटन

१. नगर भित्र रहेका लघु तथा घरेलु उद्योगहरुको तथ्याङ्क संकलन गरी उद्योगहरुको प्रवर्धन र विकासमा जोड दिइनेछ ।

२. नगरपालिकामा ग्राम उद्योग सञ्चालन गरिनेछ ।

३. स्थानीय कच्चा पदार्थमा आधारित लघु तथा घरेलु उद्यमहरुको प्रवर्धन गर्न सीपमुलक तालिमको ब्यवस्था गरिनेछ ।

४.   कोभिड-१९ का कारण विदेशबाट फर्किएका, प्रभावित भएर रोजगारी गुमाएका तथा रोजगारीको खोजीमा रहेका युवाहरुलाई सीप विकासको तालिम दिई लघु तथा घरेलु उद्योग संचालनमा प्रोत्साहन गरिनेछ ।

५.   गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम मार्फत सृजना भएका लघु उद्यमीहरुको स्तरोन्नतीका लागि प्रविधि हस्तान्तरणमा विशेष जोड दिइनेछ ।

६.   परम्परागत, व्यवसायीक तथा सीपमुलक घरेलु उत्पादनलाई प्रवर्धन गर्न आवश्यक ब्यवस्था मिलाइनेछ ।

७.   उद्योग व्यवसायसँग सम्बन्धीत संस्थाहरुको पेशागत तथा संस्थागत क्षमता विकासका लागि उद्योग वाणिज्य संघ र अन्य सरोकारवालाहरुसँग समन्वय गरी ब्यवसायिक तालिमको ब्यवस्था गरिनेछ ।

८.   व्यापारिक फर्म, पसलको दर्ता, अनुमती, नविकरण तथा खारेजीको सहज ब्यवस्था मिलाइनेछ ।

९.   बजार अनुगमन कार्यलाई तिब्रताका साथ अगाडी बढाईनेछ ।

१०.   नगरपालिका क्षेत्रमा रहेको मेलौली माताको मन्दिरको महिमा राष्ट्रिय अन्तराष्ट्रिय स्तरमा प्रचार गरी धार्मिक र अध्यात्मिक पर्यटन उद्योगको विकासका लागि आवश्यक कार्य गरिनेछ ।

११.   ग्वाल्लेक केदारधामलाई अध्यात्मिक र धार्मिक क्षेत्रको रुपमा विकास गरी मिनी खसडको रुपमा विकास गरीनेछ ।

१२.   नगरमा सञ्चालीत उद्योगधन्दा, व्यवशायहरुलाई कर छुट तथा  सहुलियत गरी औद्यौगिक वातावरणको निर्माण गरीनेछ ।

१३.   नगरमा अनौपचारीक क्षेत्रमा रहेको व्यवशाय र आर्थिक कारोबारलाई औपचारीक बनाउने नीति ल्याईनेछ ।

१४.   नगर क्षेत्रका सांस्कृतिक, प्राकृतिक, पुरातात्विक एवं जैविक सम्पदाहरुको प्रचार प्रसारलाई प्राथमिकतामा राखिनेछ ।

१५.   आगामी आ.व.मा **नगर पर्यटन गुरु योजना** निर्माणका लागि आवश्यक बजेटको ब्यवस्था गरिनेछ ।

१६.   प्रमुख पर्यटकीय स्थलहरु र मनोरञ्जन स्थलहरुको पूर्वाधार विकासका लागी स्थानीय तह, स्थानीय समुदाय र निजी क्षेत्रको सहभागितालाई प्रोत्साहान गर्ने नीतिलाई निरन्तरता दिइनेछ ।

१७.   घरेलु तथा लघुउद्यम व्यवसाय संचालन गर्न उत्प्रेरित गर्नकालागि आवश्यक प्राविधीक सल्लाहका साथ साथै उक्त व्यवसायहरूको दर्ता तथा नविकरण गर्दा लिईने न्युनतम शूल्कमा पनि विशेष छुट दिईनेछ।

१८.   लघु उद्यमीद्धारा उत्पादित स्थानीय वस्तुको बजारीकरणको लागि कृषि शाखा सँगको सहकार्यमा हप्तामा १ दिन हाट बजार व्यवस्थापनको लागी पहल कदम चालिने छ ।

१९. परम्परागत रुपमा संचालनमा रहेका लघु उद्यम तथा व्यवसायीहरुको तथ्यांक संकलन गरी स्थानीय तहमा दर्ता गर्ने प्रकृयाको साथै उद्योग संरक्षण र संवर्द्धनका लागि आवश्यक तालिमहरुको व्यवस्था गरिनेछ।

२०. नगरपालिका स्तरीय औधोगिक नीति बनाई उद्योग वाणिज्य क्षेत्रमा निजी, सार्वजनिक लगानीलाई आकर्षण गर्नुको साथै संरक्षणको व्यवस्था मिलाईने छ ।

२१. परम्परागत रुपमा संचालनमा रहेका उद्यम व्यवसायको स्तरोन्नती को लागी आवश्यक सीप विकास तथा उद्यमशीलता विकास तालिम संचालन गरिने छ ।

२२. नगरमा लगभग २० रोपनी जग्गामा ग्राम उद्योगलाई संघीय सरकारको आर्थिक तथा प्राविधिक सहयोग र अनुदानमा सञ्चालन तथा व्यवस्थापन गरीनेछ ।

२३. उद्यम व्यवसायको प्रकृति हेरि कम्तीमा १० जना सम्म न्यून आय भएका गरिव घरपरिवारले समुहिक रुपमा काम गर्ने गरी एक साझा सुविधा केन्द्रको स्थापना गरिने छ ।

२४. मेलौली नगरपालिकालाई नमुना उद्यम नगरिको रुपमा विकास गरिनेछ ।

## २. सामाजिक विकास

### शिक्षा, युवा तथा खेलकुद

१. नगरपालिकामा **म बनाउछु मेरो विद्यालय अन्तर्गत** नगर प्रमुख , उप प्रमुख , शिक्षा शाखा, शिक्षक, अभिभावक र विद्यार्थी सँग अन्तकृया, छलफल गर्दै गुणस्तरीय र प्रभावकारी शिक्षामा जोड दिईनेछ ।

२. मेयर शिक्षा सुधारकोष स्थापना गरी विद्यालयको भौतिक र शैक्षिक पूर्वाधारको विकास गरीनेछ।

३. पञ्चवर्षिय नगर शिक्षा योजना निर्माण गरी कार्यान्वयन गरिनेछ ।

४. सामुदायिक विद्यालयमा कार्यरत निजी स्रोतका शिक्षक एवं कर्मचारीहरुको स्रोतको उपलब्धताको आधारमा पारिश्रमिकमा वृद्धि गरिनेछ ।

५. नगरभित्रका गरिव जेहनदार विद्यार्थिको पहिचान गरी उच्च शिक्षा अद्ययनको लागि छात्रवृति प्रदान गरिनेछ ।

६. शिक्षक विधार्थी अनुपातको आधारमा शिक्षकको दरबन्दी मिलान गरिनेछ । आधारभुत तहमा बढी हुने दरबन्दी माध्यमिक तहमा रुपान्तरण गरिनेछ ।

७. मानव पुँजी निर्माणको मुख्य आधारको रुपमा रहेको शिक्षालाई गुणस्तरीय, जिवनोपयोगी, व्यावसायिक र प्रविधिमैत्रि बनाई शिक्षामा सबै नागरिकको पहुँच सुनिश्चित गरिनेछ ।

८. प्रारम्भीक बालविकास केन्द्रका सहजकर्ता र विद्यालयका कर्मचारीलाई नेपाल सरकारले निर्धारण गरे बमोजिम न्युनतम मासिक पारिश्रमिक उपलब्ध हुने ब्यवस्था गरिनेछ ।

९. आगामी शैक्षिक सत्रमा अधारभुत तहमा विद्यार्थी भर्नादर सतप्रतिसत पुर्याई अनिवार्य र निःशुल्क आधारभुत शिक्षा सुनिश्चित गरिनेछ ।

१०.	मणीलेक माध्यमिक विद्यालयलाई पूर्वाधारको उपलब्धता र क्षमताको आधारमा प्राविधिक शिक्षा अध्ययनका सम्भावनाको पहिचान गरी  नमुना नगरस्तरीय विद्यालयको रुपमा विकास गरिनेछ। यसका लागि प्रदेश सरकार र संघीय सरकार सँग आवश्यक समन्वय गरी पहल गरिनेछ ।

११.	विद्यालय सुशासन प्रवर्धन गर्न विद्यालय ब्यवस्थापन समितिको क्षमता विकास तालिम र प्रधानाध्यापकसँग कार्यसम्पादन करार गरी विद्यालय शिक्षाको गुणस्तर अभिवृद्धि गरिनेछ ।

१२.	नगरपालिकामा प्रत्येक वर्ष जिल्लास्तरिय खेलकुद प्रतियोगिता आयोजना गरीनेछ ।

१३.	पहुँच सुनिश्चितताको आधारमा बालविकास केन्द्र र सामुदायिक विद्यालय गाभ्न प्रोत्साहन गरिनेछ ।

१४.	शिक्षकको पेशागत विकासका लागि तालिम तथा प्राविधिक सहायता उपलब्ध गराइनेछ ।

१५.	शैक्षिक गुणस्तर मापदण्डका आधारमा उत्कृष्ट विद्यालय, शिक्षक, कर्मचारी, अभिभावक,विद्यार्थी र पदाधिकारीलाई सम्मान गरिनेछ।

१६.	विद्यालय शिक्षालाई प्रतिस्पर्धी, प्रविधिमैत्री, व्यावसायिक, रोजगारोन्मुख र जीवनोपयोगी बनाउन प्राथमिकताका साथ यस क्षेत्रमा लगानी बृद्धि गरिनेछ ।

१७.	मेलौली नगरपालिकाभित्र खेलकूदका पूर्वाधार विकास गर्दै क्रमशः खेलकूदमैत्री नगरपालिकाका रुपमा विकास गरिनेछ ।

१८.	विद्यालयहरुलाई सेवामुखी बनाउन कार्यविधि वमोजिम नियमित अनुगमन, नियमन र सहजीकरण गर्दै शैक्षिक गुणस्तर कायम गरिनेछ ।

१९.	शैक्षिक सुधार कार्यक्रमलाई शैक्षिक क्षेत्रको पूर्वाधार निर्माणमा केन्द्रित गरिनेछ। आगामी वर्षहरुमा सबै तहका सामुदायिक विद्यालयको कक्षाकोठा, पुस्तकालय, खानेपानी, शौचालय  लगायत वैकल्पिक सिकाइ विधि अनुकूलका भवन तथा पूर्वाधार निर्माण गरिनेछ।

२०.	आर्थिक सामाजिक रुपमा सीमान्तकृत, लोपोन्मुख, दलित, विद्यार्थीका लागि छात्रवृत्ति तथा निःशुल्क शिक्षाको ब्यवस्था मिलाइनेछ ।

२१.	नीति कार्यान्वयनको समग्र पक्षहरुका अनुभवका आधार सहित आगामी वर्षको शैक्षिक गुणस्तरमा थप सुधारका लागी शिक्षाप्रेमी, बुद्धिजिवी, शिक्षकसँग छलफल तथा अन्तक्रिया गरिनेछ ।

२२.	विद्यालयको नियमित रुपमा अनुगमन गरिनेछ , यसका लागि **विद्यालय अनुगमन कार्यविधि निर्माण गरिनेछ** । मेलौली नगरपालिका भित्रका शिक्षकहरुलाई **उत्कृष्ट मेलौली नगरपालिका शिक्षा पुरुस्कारको** ब्यवस्था गरिनेछ ।

२३.	**एक वडा एक खेलकुद मैदान** निर्माण गरिनेछ। नगरपालिकाको खेलकूद विकासका लागि उत्कृष्ट खेल प्रशिक्षक नियुक्त गरी राष्ट्रीय अन्तर्राष्ट्रीय क्षेत्रमा प्रतिष्पर्धा गर्न सक्ने खेलाडी उत्पादन गरिनेछ।

२४.	विद्यार्थीको सर्वाङ्गीण व्यक्तित्व विकासका लागि विद्यालयले नियमित रूपमा अतिरिक्त क्रियाकलाप संञ्चालन गर्न विशेष जोड दिईनेछ।

२५. गरिव जेहान्दार विद्यार्थीकालागि चिकित्सा तथा ईन्जिनिरिङ्ग तर्फको उच्च शिक्षा हासिल गर्न नगरपालिकावाट कार्यविधी बनाई सहुलियत प्रदान गरिनेछ।

२६. छुवाछुत, कुरिति, विभेद र विषमता जस्ता समस्याहरू हटाउन युवा परिचालन गर्ने नीति लिइनेछ ।

२७. शिक्षामा क्रमशः ICT को प्रयोगको सुनिश्चितता गरिनेछ । विद्यालयहरुलाइ विद्युतीय संचारको नेटवर्कमा जोडी विद्यालयहरु विच तथा शिक्षा शाखा विचको अन्तरक्रियालाइ सुदृढ पारिनेछ ।

२८. नगर भित्रका शैक्षिक गतिविधिहरुमा एकरुपता कायम गरिनेछ । **एक विद्यालय एक ICT शिक्षकको व्यवस्था गरिनेछ।**

२९. नगरपालिकामा वालवालिकालाई **विद्यालय ल्याऔं र पढाईमा टिकाऔं** कार्यक्रमलाइ थप प्रभावकारी बनाईने छ।

३०. नगर विद्यालय सुधार कार्यक्रम मार्फत विद्यालयको शैक्षिक तथा व्यवस्थापकीय सुधारगरि गुणस्तरीय शिक्षाको प्रत्याभूति गरिनेछ ।

३१. **२०७९-८९को दशकलाई लाई सार्वजनिक विद्यालय सवलिकरण दशकको रुपमा** मनाइनेछ ।

३२. प्रत्येक वडामा एक ओटा **नमुना वालविकास केन्द्र** वनाइ क्रमश सबै वालविकास केन्द्रलाई वालमैत्री, अपाङ्गमैत्री, समतामूलक आकर्षक स्थलको रुपमा स्थापित गरिनेछ।

३३. **विद्यालयको विस्तृत प्रोफाइल तयार गरिनेछ** । प्रोफाइलको आधारमा विद्यालयका सबल र दुर्बल पक्षको सुक्ष्म चिरफार गरि विद्यालयको आवश्यकताको उचित रणनीति तयार गरिनेछ ।

३४. विश्वव्यापीकरणबाट सृजित चुनौतीलाई सामना गर्न र वर्तमान समयको माग अनुसारको सक्षम र दक्ष जनशक्ति उत्पादनलाइ सुनिश्चित गर्न गुणस्तरीय **अंग्रेजी शिक्षालाई प्रवर्द्धन गरिनेछ।**

३५. नगरपालिका भित्रका विद्यालय कर्मचारी र वालविकास सहजकर्ताहरुलाई प्रोत्साहन गर्न संघीय सरकारले निर्धारण गरे बमोजिम आ।व। २०७९/८० देखि स्रोतको उपलब्धता र आवश्यकताका आधारमा पारिश्रमिक थप गरीनेछ।

३६. प्राथमिक कक्षाका विद्यार्थीलाई उचित खाजाको व्यवस्थान गरी पोषणको सुनिश्चितता गरिनेछ।

३७. प्रत्येक विद्यालयमा वालक्लव, रेडक्रस र स्काउटको स्थापना गरीनेछ ।

३८. विद्यार्थिको संख्या र अनुपातका आधारमा शिक्षक दरबन्दि मिलान गरिनेछ । विद्यालयमा प्रधानाध्यापकको नियुक्ति तथा व्यवस्थापनलाई वैज्ञानिक र व्यवहारीक बनाईनेछ । विद्यालयकहरु विद्यार्थीको अनुपात र अन्य वैज्ञानिक सुचको आधारमा आपसमा मर्ज गर्ने नीति ल्याईनेछ ।

३९. सामुदायिक सिकाईकेन्द्रको सुदृढिकरण गरी आर्थिक सामाजिक रुपान्तरणको आधारको रुपमा विकास गरीदै लगिनेछ । साझा पूष्तकालयको विस्तार गरिने नीति आत्मसाथ गरीनेछ ।

४०. एक वडामा एक प्राविधिक विद्यालय स्थापनाको सम्भावनालाई अद्ययन गरी अगाडि ल्याईनेछ ।

४१. सामुदायिक विद्यालयमा मौलाउदै गएको राजनीतिलाई न्यूनीकरण गरी शिक्षाको गुणस्तरमा सुधार ल्याउनको लागि शिक्षकहरुलाई राजनीतिमा लाग्न नपाईने नीति लागु गरीनेछ ।

**स्वास्थ्य**

१. नगरपालिका भित्रका सवै सरकारी स्वास्थ्य संस्थाहरुबाट तोकिएका सेवाहरु निःशुल्क एवम् गुणस्तरीय स्वास्थ्य सेवा वितरण गरिनेछ ।

२. स्वास्थ्य क्षेत्रमा महिला सामुदायिक स्वास्थ्य स्वयंमसेविकाहरुको योगदानको उच्च मूल्याङ्कन गर्दै महिला सामुदायिक स्वास्थ्य स्वयंमसेविका कोषमा रकम थप गरी उक्त कोषलाई व्यवस्थित गरिनेछ र मासिक रु. १०००/-(अक्षेरुपी एक हजार मात्र) का दरले यातायात खर्च उपलबध गराईने छ।

३. आगामी आ. व. मा नगरअस्पत्तालको निर्माणको सुरुवात गरिनेछ ।

४. आधारभुत तथा आकस्मीक स्वास्थ्य सेवामा सबै नगरबासीको पँहुच सुनिश्चित गरिनेछ ।

५. प्रत्येक दुई महिनामा वडाको स्वास्थ्य संस्थाबाट टाढा रहेका टोल वस्तीमा एकिकृत स्वास्थ्य शिविर **जनतासँग मेयर कार्यक्रम** सञ्चालनमा ल्याईनेछ ।

६. महामारी तथा प्रकोपजन्य रोग नियन्त्रणालाई प्राथमिकिकरणमा राखि पूर्व तयारी आवश्यक पूर्वाधार ब्यवस्थापन र क्षमता विकासमा जोड दिईनेछ ।

७. धुम्रपान, मध्यपान र लागुपदार्थ दुर्व्यसनी नियन्त्रणको लागि स्थानीय संघ-सस्थाहरु सँग समन्वय गरी कार्यक्रम संचालन गरिनेछ ।

८. **"मेलौली नगरपालिका स्वस्थ नगरपालिका"** अभियान सञ्चालनमा ल्याई क्षयरोग, कुष्ठरोग, मलेरीया तथा पुर्ण संस्थागत डेलीभरीका लागी कार्यक्रम सञ्चालनमा ल्याईनेछ ।

९. पूर्ण संस्थागत सुत्केरी (No Home Delivery) गराउने कार्यलाई निरन्तरता दिइनेछ। गर्भवती महिलालाई प्रसुतीको लागि नगरपालिका क्षेत्र भित्रका बर्थिङ सेन्टरमा पुर्याउन **निःशुल्क एम्बुलेन्स सेवा उप्लब्ध गराईनेछ ।**

१०. प्रत्येक बर्थिङ सेन्टरमा कम्तीमा २ वटा SBA(दक्ष प्रसुती कर्मी ) को ब्यबस्था गरीने छ ।

११. ग्रामीण अल्ट्रासाउन्ड सेवा लाई निरन्तरता दिईने छ र प्राथमिक स्वास्थ्य केन्द्र केशरपुर र सलेना स्वास्थ्य चौकीलाई नियमित ग्रमीण अल्ट्रासाउन्ड सेवा सेन्टरको रुपमा स्थापना गरीने छ ।

१२. स्वास्थ्यमा सबैको पहुँच पुर्याउन टाढाको बस्तीहरुमा नगर स्वास्थ्य क्लिनिक स्थापना गर्न आवश्यक पहल गरिनेछ ।

१३. नगरपालिका स्तरमा प्राथमीक अस्पताल स्थापना गर्न पहल गरिनेछ । सो कार्यका लागि नेपाल सरकार, प्रदेश सरकार तथा विभिन्न संघ संस्थाको सहयोग समेत लिइनेछ ।

१४. जिर्ण भएका स्वास्थ्य केन्द्रहरुको मर्मत सम्भार गरी संचालनमा ल्याइनेछ ।

१५. स्वास्थ्य सेवामा जेष्ठ नागरीकको पहुँच वृद्धि गर्नका साथै समयमानै जेष्ठ नागरिकको स्वास्थ्य समस्या पहिचान गरी उचित ब्यवस्थापनको लागि जेष्ठ नागरिक संग नगर प्रमुख कार्यक्रम मार्फत

बर्षको २ पटक घुम्ति स्वास्थ्य सेवा शिविर संचालन गरी जेष्ठ नागरीकको स्वास्थ्य परिक्षण गर्नुका साथै औषधी तथा परामर्श सेवा प्रदान गरिनेछ ।

१६. "**उपमेयरको कोशेली कार्यक्रम**" लाई निरन्तरता दिईने छ।

१७. कुपोषण भएका बच्चाहरुको पहिचान गरी निःशुल्क उपचारको व्यवस्था मिलाइनेछ साथै आवश्यक मापदण्ड पुरा गरि कुपोषण मुक्त वडा घोषण गर्ने कार्यको सुरुवात गरिने छ ।

१८. किसोर किसोरीहरुको यौन तथा प्रजनन स्वास्थ्य अभिवृद्धिका लागि किशोरी समुह बनाई परिचालन गरिनेछ ।

१९. किशोर किशोरीहरुका लागि प्रजनन् स्वास्थ्य तथा यौन शिक्षा कार्यक्रमहरु तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।

२०. निःशुल्क औषधि वितरणको लागि आवश्यक बजेटको विनियोजन गरिनेछ ।

२१. "**स्वस्थ जीवनको लागि योग** " भन्ने नाराका साथ विद्यालयहरुमा योगबारे अध्ययन अध्यापन गर्ने कार्यक्रम लागु गरिने छ।

२२. स्वास्थ्य बीमा कार्यक्रमलाई प्रभावकारी बनाउन आवश्यक पहल गरिनेछ ।

२३. प्रत्येक स्वास्थ्य संस्थामा प्रयोगशाला स्थापना गर्ने कार्य थालनी गरिनेछ ।स्वास्थ्य संस्था नभएका वार्डहरुमा स्वास्थ्यकर्मी भर्ना गरी स्वास्थ्य सेवा प्रदान गरिनेछ र आधारभूत स्वास्थ्य सेवा केन्द्र स्थापनाका लागि आवश्यक पहल गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

२४. Mobile स्वास्थ्य कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

२५. पोषणको अवस्था सुधारका लागि बहुक्षेत्रिय पोषण योजना कार्यक्रमलाई प्रभावकारीका साथ संचालन गर्ने कार्यलाई निरन्तरता दिईनेछ।

२६. हाल समाजमा बढ्दै गइरहेको नसर्ने रोगहरु र मानसिक स्वास्थ्य समस्याहरुको न्युनिकरणको लागि आवश्यक कार्यक्रम सञ्चालन गरिने छ ।

२७. प्राथमिक स्वास्थ्य केन्द्र केशरपुरमा रिक्त रहेको मेडिकल अधिकृतको पद पुर्ती गरिने छ ।

२८. आवश्यकता अनुसारको बिशेषज्ञ स्वास्थ्य शिविर सञ्चालन गरिने छ ।

२९. आखा उपचारकेन्द्र स्थापनाको लागि आवश्यक पहल गरिने छ ।

३०. बाल विवाह न्युनीकरणको लागिबिभिन्न सघं-संस्थाहरु संग समन्वय तथा सहकार्य गर्नका साथै समुदायमा गठन गरिएका किशोरी समुहको क्षमता विकाश गरी कार्यक्रम सफल गर्न आवश्यक पहल गरिने छ ।

३१. सुनौला हजार दिनका आमा,बच्चा र किशोरिहरुको पोषण सुधारका विशेष कार्ययोजना बनाइ कार्यान्वयन गरिनेछ।

३२. स्वास्थ्य सेवाका अभिलेख प्रतिबेदनहरु डिजिटलाईजेसन गरिनेछ ।

३३. यस नगरपालिकामा नगरस्तरीय ब्लड वैंक स्थापना गरिनेछ ।

३४. महिला स्वास्थ्य स्वयंसेविकाहरुको क्षमता विकास गरी यस अभियानलाई थप सुदृढिकरण गरिनेछ।

## महिला, बालबालिका, जेष्ठ नागरिक

१. अति विपन्न महिलाहरु, एचआईभि संक्रमित, एकल महिलाहरुलाई कार्यक्रममा समेटी आर्यआर्जन कार्यक्रममा संलग्न गराई स्वरोजगार मुलक र आत्मनिर्भर हुन सक्षम बनाइनेछ ।

२. महिलाहरुको आर्थिक तथा सामाजिक रुपान्तरणका साथै महिला अधिकार एवं हकहित र संरक्षणमा विशेष जोड दिईनेछ ।

३. नगरक्षेत्रभित्र समतामुलक समाज निर्माणका लागि महिनावारी स्वस्थता, जातीय छुवाछुत मुक्त टोल, एकल महिला सशक्तिकरण कार्यक्रम सञ्चालन गरिनेछ ।

४. स्थानीय स्तरमा आर्थिक तथा सामाजिक रुपले पछाडी परेका महिलाहरुलाई समुह समिति मार्फत महिला विकास कार्यक्रममा आबद्व गराइनेछ ।

५. स्थानीय सरकारले संचालन गर्ने सम्पुर्ण योजना तथा कार्यक्रमलाई लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका दृष्टिकोणबाट संस्थागत गरी त्यसको तर्जुमा, कार्यान्वयन, अनुगमन तथा लाभको हिस्सेदारीमा महिला र बन्चितिकरणमा परेका व्यक्ति तथा समुहको अर्थपूर्ण सहभागिता सुनिश्चित गरी मूलप्रवाहिकरण र शसक्तिकरण गर्दै लगिने नीति अवलम्बन गरिने छ ।

६. आगामी आ.व. भित्र लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति तयार गरी कार्यान्वयनमा ल्याईनेछ ।

७. स्थानीय सरकार सेवा प्रदायक सरोकारवाला संस्थाहरु, महिला र सीमान्तकृत समुहहरुलाई समावेश गरी योजनाबद्ध रुपमा महिला तथा बन्चितिकरणमा परेका व्यक्ति एवम समुदायको पहिचान गरी उनिहरुको व्यक्तिगत तथा सामूहिक क्षमता अभिबृद्धि गरिनेछ। साथै स्थानीय तहको विकास प्रक्रियामा त्यस्ता व्यक्ति तथा समुदायको निर्णायक तथा अर्थपूर्ण सहभागीता सुनिश्चित गरी आर्थिक तथा सामाजिक सशक्तिकरण गरिने छ।

८. लैङ्गिक हिंसा, घरेलु हिंसा बलत्कार जस्ता जघन्य अपराधबाट पिडित महिलाहरुलाई उचित न्याय प्रदान गर्नका लागी न्यायको पहुँच सुनिश्चित गरिने छ ।

९. वालश्रममुक्त नगरपालिका निर्माण गरीनेछ, वालविकासको हक अधिकार संरक्षण र प्रवर्द्धनका लागि नगरपालिका सम्पुर्ण संयन्त्रहरुको परिचालन गरिनेछ ।

१०. स्थानीय तहमा नगर तथा वडा स्तरमा बालसंरक्षण समितिको गठन गरी बालअधिकारको संरक्षण, सम्बर्धन र प्रवर्धन गरी बालसंरक्षण प्रणालीलाई प्रभावकारी बनाउनेछ ।

११. विशेष संरक्षणको आवश्यकतामा रहेका बालबालिकाको पहिचान गरी उनिहरुको हकहित संरक्षणका लागि अल्पकालिन तथा दीर्घकालिन नीति, रणनीति, योजना तथा कार्यक्रम तर्जुमा गरी प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ।

१२. आर्थिक अवस्था कमजोर भई शिक्षणको पहुँच बाहिर रहेका तथा अनाथ भएका बालबालिकाको पहिचान गरी बालमैत्रि शिक्षण प्रणालीको पहुँचमा जोड दिईनेछ ।

१३. किशोरीहरुको शारीरिक, मानसिक, स्वास्थ्य एवं आत्म सुरक्षाका लागि आवश्यक परामर्श एवं तालिम कार्यक्रमहरु संचालन गरिनेछ।

१४. नगरभित्र रहेका शारीरिक, मानसिक अपाङ्गता र फरक क्षमता भएका व्यक्तिहरुको पहिचान गरी सहज परिचयपत्र वितरण गर्ने र सामाजिक, आर्थिक प्रणालीमा समतामुलक पहुँच स्थापना कायम गर्ने नीति अवलम्बन गरिनेछ ।

१५. अपाङ्गताहरुको वृहत हितका लागि सरकारी, निजी, सामाजिक हित समुह र गैरसरकारी संघ संस्थाहरु सँग समन्वय गरी कार्यक्रम सञ्चालन गरिने छ ।

१६. ज्येष्ठ नागरिकहरुका लागि सुरक्षित, मर्यादित, सम्मानपुर्ण जीवनयापनयुक्त प्रणाली स्थापना गरी नगरभित्र रहेका जेष्ठ नागरिकहरुको अनुभव र शीपलाई नगरको वृहत हितका लागि प्रयोग गर्ने नीति र प्रणालीगत व्यवस्थाको सुनिश्चिता गरिनेछ ।

१७. कोरोना भाईरसबाट प्रभावित महिला तथा युवा वर्गहरूलाई आयआर्जन, सीपमुलक र उत्पादनसंग जोडी आत्मनिर्भर र स्वरोजगार बनाईनेछ।

१८. प्रत्येक टोलहरुमा जेष्ट नागरिक मनोरञ्जन पार्कहरु र अध्यात्मिक वातावरणको निर्माण गरी जेष्ट नागरिकको हक अधिकारको संरक्षणका साथै सम्मान प्रदान गरिनेछ ।

१९. नगरपालिकाको योजना तथा सेवा प्रवाहलाई लैंङ्गिक तथा समावेशि बनाउनका लागि प्रत्येक वर्ष **लैंगिक समानता तथा समाजिक समावेशिकरण** परिक्षण गरीने छ ।

२०. यस नगरपालिकालाई **छुवाछुत, छाउपडि प्रथा एंव भेदभाव मुक्त बनाउन सचेतना कार्यक्रम सञ्चालन गरिने छ** । उहाँहरुको क्षमता विकासका लागि आवश्यक कार्यक्रम संचालन गरिनेछ।

२१. महिलाहिंसा विरुद्धको १६ दिने अभियान तथा अन्तराष्ट्रीय नारी दिवस जस्ता कार्यक्रमहरुलाइ सचेतना अभिवृद्धिमुलक कार्यक्रमका रुपमा पालिका स्तरमा संचालन गरिने छ।

२२. मानसिक सन्तुलन बिग्रेका बालबालिकाहरु तथा महिलाहरुलाई संरक्षण गृहसम्म पुर्याउन आवश्यक प्रबन्ध मिलाइने छ।

२३. ज्येष्ठ नागरीक परिचयपत्र वितरणका लागि आवश्यक कर्यविधि तयार गरी परिचयपत्र वितरण गर्ने कार्य गरिने छ ।

२४. बिदुर तथा टुहुरा बालबालिकालाई प्रदान गरिदैं आएको सामाजिक सुरक्षा भत्तालाई निरन्तरता दिईनेछ ।

२५. नगरको उपयुक्त स्थानमा सेव हाउसको निर्माण गरिनेछ ।

२६. जेष्ट नागरिकसँग मेयर कार्यक्रम अन्तर्गत कोशेलो कार्यक्रम सञ्चालनमा ल्याईनेछ ।

२७ महिला वालवालिका दलितको समावेशी र छुवाछुत मुक्त गर्ने होडिङ्ग वोर्ड निर्माण गरिन्छ ।

२८. दलित समुदायको परम्परागत कला, संस्कृति र पेशालाई व्यवस्थीत र आधुनिकिकरण गरी दिगो रुपमा अगाडि बढाईनेछ ।

## ३. पूर्वाधार विकास तथा खानेपानी

१. सम्पूर्ण वडाभित्र जनताको माग, आवश्यकता र प्राथमिकताको आधारमा सडक ग्राभेल, खानेपानी, वडा कार्यालय लगायत पूर्वाधार ब्यवस्थापनमा मुख्य जोड दिइनेछ ।

२. नगरपालिकाको आवधिक योजना ग्रामिण यातायात गुरुयोजना, ढलनिकास गुरु योजना, विद्युत सहकारी अवधारणालाई पहिलो प्राथामिकतामा राखि योजना कार्यान्वयनमा ल्याईने छ ।

३. नगरपालिकामा रहेका पानिका मुहानहरुको विवरण संकलन, संरक्षण सम्बर्द्धन गरी **एक घर एक धारा**, संघ सरकार र प्रदेश सरकारको सहयोगमा सम्पुर्ण वस्तिहरुमा पुर्याईनेछ।

४. यस नगरपालिकालाई मिनिरल वाटरमा आत्मनिर्भर बनाउनको लागि मिनिरल वाटर उत्पादन उद्योगमा लगानी गरिनेछ ।

५. समुदायले प्रयोग गरिरहेको खानेपानीको मुल कसैको दर्ता जग्गा भित्र परे पनि वडा समिति वा नगरकार्यपालिका सँग बैकल्पिक व्यवस्था नगरी स्वीकृति नलिई मास्ने, बेच्ने वा निशेध गर्न पुर्ण प्रतिबन्ध लगाईनेछ ।

६. हाल सम्म पनि केन्द्रिय प्रशारण लाईन नपुगेका वडाहरुमा विद्युत सेवा विस्तार गर्न नेपाल विद्युत प्राधिकरण सँग समन्वय गरिनेछ । बजार, सार्वजनिक ठाँउ , मन्दिर सडकमा सौर्य वत्तिको ब्यवस्थापन गरिने नीति लिईनेछ ।

७. नगरपालिकाका सबै वडाकार्यालयहरुमा आवश्यक पूर्वाधारको विकास गरी व्यवस्थीत बनाईनेछ ।

८. वडा नं. ७ मा रहेको बसपार्कलाई व्यवस्थीत बनाईनेछ ।नगरपालिकाका स्थानीय बजारहरुमा आवश्यकताका आधारमा सार्वजनिक सौचालय निर्माण गरिनेछ ।

९. नगरपालिकामा सहिद स्मृति प्रतिष्ठान निर्माण र सालिक निर्माण गरीनेछ ।

१०. नगरपालिकाको सीमाक्षेत्रमा स्वागत गेट निर्माण गरीनेछ ।

११. नगरपालिकामा फन पार्क निर्माण गरिनेछ । तिनजोन्ना कोलतडी, हरडा खान सिमदोगडा , लामालेक तिताबै सडकको स्तरवृद्धि गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।

१२. गाउँ, प्रदेश र केन्द्र सरकारको अन्तरसम्बन्धमा आधारित र अधिकतम लागत सहभागितामा सञ्चालित आयोजनाहरुलाई प्राथमिकता दिईने छ ।

१३. संघीय मामिला तथा समान्य प्रशासन मन्त्रालयले निर्धारण गरेको न्यूनतम मापदण्ड तथा मेलौली नगरपालिकाको भवन निर्माण मापदण्ड र आचारसंहिता अनुरुपको वस्ति विकास योजनालाई लागु गरी व्यवस्थित शहरको विकास गरिनेछ ।

१४. चालु आर्थिक वर्षमा व्यवस्थापकिय कारण पुरा हुन नसकेका, स्रोतको अभाव भई कार्यान्वयनमा आउन नसकेका पूर्वाधारका क्षेत्रमा आवश्यक पर्ने बजेट विनियोजन गरी सम्पन्न गरिनेछ ।

१५. आगामि आ.व. सुरुवातमै नगरको प्रशासनिक भवन र वहुउद्देशीय व्यापारीक भवन निर्माण कार्य सम्पन्न भई त्यहिबाटै व्यवस्थीत ढंगले कामकारवाहीको सुरुवात गरिनेछ ।

१६. नगरको बजार क्षेत्रमा ढल निकासका लागि आवश्यक बजेटको प्रबन्ध गरी कार्य अगाडि बढाईनेछ ।

१७. वातावरणलाई प्रतिकुल प्रभाव पार्ने पूर्वाधारको निर्माण गर्दा आवश्यकतानुसार IEE/EIA गरी कार्यान्वयन गरिनेछ ।

१८. नगरपालिकाको पूर्वाधार विकासलाई व्यवस्थीत गर्नको लागि मैलौली नगर पूर्वाधार विकास गुरुयोजना तयार गरिनेछ ।

१९. नगरभित्रका सम्पुर्ण सडक, पूल, सार्वजनिक भवन लगायत पूर्वाधारको विवरण संकलन गरी मर्मत सम्भार, थप सुदृढिकरण गरिनेछ । योजना मर्मत सम्भारका लागि छुटै मर्मत सम्भार कोष खडा गरी संचालनमा ल्याइने छ ।

२०. योजना प्रणालीमा उपभोक्ता समितिको योगदानलाई थप प्रभावकारी बनाउनको लागि आवश्यक कार्य गरिनेछ ।

२१. निर्माणाधिन आयोजना तथा लामो समयसम्म टिक्ने मेसिनरी औजारहरुको ह्रासकट्टी गरी लगत राख्ने व्यवस्था मिलाइने छ ।

२२. आयोजनालाई वातावरणमैत्री बनाइने छ। योजना निर्माण र वृक्षारोपणका कार्यहरु सँग सँगै सञ्चालनमा ल्याईनेछ ।

२३. जनताको माग र आवश्यकतामा आधारीत भएर नगरपालिकामा वहुवर्षिय नगर गौरवका पूर्वाधार निर्माणका लागि DPR तयार गरी संघीय सरकार सँग आवश्यक बजेट माग गरीनेछ ।

२४. नगरपालिका भित्र नयाँ खोलिएका कच्ची बाटाहरुको स्तरोन्नती गरी बारै महिना चार पाङ्ग्रे सवारी चल्नसक्ने बनाईनेछ ।

२५. आगामी दिनमा कार्यान्वयनयोग्य आयोजनाहरुको प्रोजेक्ट बैंक तयार गरिनेछ ।

२६. गौरा पर्व संरक्षणका लागि **एक वडा एक नमुना गौरा उद्यान निर्माण कार्य** अगाडी बढाईनेछ।

२७. विकास निर्माणका कार्यहरुमा गुणस्तर कायम गर्न निरीक्षण, अनुगमन तथा मूल्याङ्कन, सामाजिक परिक्षण, कार्यलाई प्रभावकारी बनाईने छ ।

२८. भवन संहिता तथा बिल्डिङ्ग कोडको मार्गनिर्देशन र कार्यविधि समेत अनुसरण गरी आधुनिक सुरक्षित तथा भूकम्प प्रबिधिमैत्री भवन तथा आवास संरचनाको निर्माण गरिनेछ । यस सम्बन्धमा **बस्ति बिकाश योजना निर्माण गरी** कार्यान्वयन गरिनेछ ।

२९. नगरमा नयाँ भवन निर्माण गर्दा नक्सा पासलाई अनिवार्य गरिनेछ । नक्सालाई व्यवस्थीत गर्नको लागि नगरपालिकाले (Electronic Building Permit, EBPS software) खरिद गरी नक्साका सम्पूर्णकामहरु अनलाईनबाट गरिनेछ ।

३०. भूकम्प प्रविधिमैत्रि भवन तथा आवास संचरनाको निर्माणको लागी निर्माण संग सम्बन्धी डकर्मी, सिकर्मी र परामर्शदाताहरुको एकिकृत रुपमा क्षमता विकास गरी आकर्षक र बलियो संरचना निर्माणमा जोड दिईनेछ ।

३१. मेलौली नगरपालिकाभित्र सबै वडामा भूकम्प प्रबिधिमैत्री भवन तथा आवास संरचरनाको निर्माणको लागी निर्माण संग सम्बन्धी डकर्मी , सिकर्मी तालिम संचालन गरिनेछ ।

३२. समुदायको क्षमता अभिवृद्धि गरी भुकम्प लगायत प्रकोपबाट हुने जीउधनको क्षति तथा जोखिम कम गर्नका लागि जनस्तरमा तालिम कार्यक्रमहरु संचालन गरिनेछ ।

३३. सम्पूर्ण योजनाहरुको अनलाईन जानकारी तथा Tracing गर्न **IMS Software** संचालन गरिनेछ ।

३४. पुराना घर अभिलेखीकरण गर्न कार्यविधि बनाई कार्यान्वयन गरिनेछ ।

३५. नगरपालिका भित्रका सम्पूर्ण सडकहरुको Right of way निर्धारण गर्न **GIS Mapping** को आधारमा व्यवस्थित गरिनेछ ।

३६. सार्वजनिक स्थलमा शौचालय र यात्रु प्रतिक्षालयहरु निर्माण गरी स्थानीय उत्पादनमा आधारीत डष्टविन निर्माण गरीनेछ ।

३७. भुमिमा स्वामित्वको क्षेत्र विस्तार गर्नको लागि सामुदायिक भुमि व्यवस्थापन गर्ने नीति लागु गरिनेछ ।

## ४. वन, वातावरण तथा विपद् ब्यवस्थापन

१. नगरक्षेत्रभित्रका सामुदायिक वनहरुमा भईरहेको अव्यवस्थित बसोबास र बनजंगल अतिक्रमण नियन्त्रण **गरी हराभरा नगरपालिका** निर्माण गरिनेछ ।

२. वृक्षारोपण र बनजंगल संरक्षणका विविध पक्षमा स्थानीय नागरिकको सहभागितामा आधारित हरीयो बन मेलौलीको धन कार्यक्रम सञ्चालन गरिनेछ । यसको दिगोपन र प्रभावकारीताका लागि स्थानीय स्तरमा जनपरिचालन गरिनेछ ।

३. नगर क्षेत्र भित्रका कतिपय वन, जंगलका स्थानहरु रुखविरुवा विहिन भई खाली रहेको हुँदा यस्तो खाली स्थानमा संघ सरकार र प्रदेश सरकारको समन्वयमा जडीबुटी खेती र जडीबुटी उत्पादन कार्यक्रम संचालन गरी विपन्न समुदायलाई आर्थिक लाभ र रोजगारी उपलब्ध गराइनेछ ।

४. नगरपालिकामा रहेको विपद ब्यवस्थापन कोषमा प्रत्येक वर्ष रकम थप गर्दै जाने कार्यलाई निरन्तरता दिइनेछ । नगर-स्तरिय विपद ब्यवस्थापन समिति र वडा स्तरिय विपद ब्यवस्थापन समितिलाई क्रियासिल बनाइनेछ र जनस्तरमा पूर्व तयारी प्रतिकार्यको अभ्यास गर्दै जाने नीति लिइनेछ ।

५. विपद ब्यवस्थापनमा सुरक्षा निकाय, नेपाल रेडक्रस सोसाईटी, उद्योग वाणिज्य संघ, चेम्बर अप कमर्श लगायत यस क्षेत्रमा क्रियाशिल सामाजिक संघसंस्थाहरुको सहकार्यलाई प्रभावकारी बनाउने कार्यलाई निरन्तर अगाडी बढाइनेछ ।

६. विपद जोखिम न्यूनीकरणका लागी आवश्यक सामाग्रीहरुको व्यवस्थापन गरिनेछ । भैपरी आउने विपद ब्यवस्थापनका लागी साझेदारीमा तालिम कार्यक्रम संचालन गरिनेछ ।उत्कृष्ट विपद व्यवस्थापन गर्ने नमुना पालिकाका अभ्यास आदानप्रदान गर्न भ्रमण, अवलोकन गरिनेछ ।

७. फोहोर ब्यवस्थापन कार्यलाई दिगो तथा प्रभावकारी बनाउन नागरिक सहकार्य गरिनेछ । टोल विकास समिति, आमा समूह, सहकारी समूह, स्वास्थ्य समूह, महिला समूह, युवा क्लव, जेष्ठ नागरिक समूहहरु मार्फत फोहोरको उत्पत्ती स्थलबाटै वर्गिकरण गर्ने कार्यलाई जोड दिईनेछ । फोहोरको समुचित व्यवस्थापन गर्न Dumping site निर्माण तथा पुनःप्रयोगको प्रवन्ध गरिनेछ ।

८. आगामी आर्थिक वर्ष भित्र व्यवस्थित भुउपयोग नीति तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ ।

९. फोहोरलाई मोहोरमा बदल्ने कार्यक्रम सञ्चालन गरिनेछ । पर्यावरणलाई मध्यनजर गरी ल्याण्डफील्डसाइट निर्माणका लागि उपयुक्त स्थानमा वातावरणीय प्रभाव मुल्याङ्कन कार्य गरिनेछ ।

१०. नगरको विपद् पोर्टल अध्यावधिक गरिनेछ र यसलाई Integrated Software मा आवद्ध गरिनेछ ।

११. नगरपालिकामा संघ, प्रदेश र स्थानीय राष्ट्रसेवक, नेपाल प्रहरी, नेपाली सेना, सशस्त्र प्रहरी, स्थानीय जनसमुदाय र संघ संस्थाहरुको समन्वयमा वृक्षारोपणको कार्य अगाडि बढाईनेछ ।

१२. यस नगर क्षेत्रलाई क्रमशः प्लास्टिकमुक्त नगरपालिका बनाईनेछ । यसका लागि स्थानीय स्तरका मौलीक उत्पादन डोका, नाङ्ला, कपडाका झोलाको प्रयोग बढाईनेछ ।

## ५. कानून, सुशासन तथा संस्थागत विकास क्षेत्र

१. न्यायिक समितिलाई थप ब्यवस्थित बनाउन ईजलास कक्षको ब्यवस्था गरिने छ ।न्यायिक समितिलाई क्षमता विकास र सुदृढिकरणका लागि आवश्यक प्रवन्ध गरिनेछ ।

२. न्यायिक समितिको न्याय सम्पादन छिटो छरितो बनाईने छ । सहज पहुचयुक्त न्याय प्रणाली प्रवर्धन गरिने छ । वडा मेलमिलाप केन्द्र गठन गरिने छ र आवश्यकता अनुसार न्यायिक समितिले घुम्ति सेवा संचालन गर्नेछ ।

३. सूचना प्रविधीमा आधारित एकिकृत स्थानीय बस्तुस्थिती विवरण **ILG(Integrated Local Government ) Profile** तयार गर्न आवश्यक बजेटको व्यवस्था गरिने छ।

४. नगरपालिकाको राजश्व प्रशासनलाई चुस्त, दुरुस्त र पारदर्शी बनाई सेवाग्राहीले आफुलाई पायकपर्ने ठाउँमा गई राजश्व बुझाउन सक्ने ब्यवस्थाका लागी ९ वटै वडा कार्यालयहरुमा अनलाईन प्रणाली मार्फत राजश्व संकलन गर्ने कार्य अगाडी बढाइनेछ ।

५. सबै वडाहरुले आफ्ना वडाहरुमा भए गरेका कामहरुको विवरण जनता समक्ष पुर्याउने वेभसाइट मार्फत सार्वजनिक गर्ने ब्यवस्था मिलाइनेछ ।

६. नगरपालिकामा भएका निर्णयहरु विद्युतीय माध्यमबाट अभिलेखीकरण गरी वेभसाइट मार्फत सार्वजनिक गर्ने नीति लिइनेछ ।कार्यापालिका र नगरपालिकाका सम्पुर्ण निर्णयहरु वेभसाइट मार्फत सार्वजनिक गरिनेछ ।

७. नगरपालिका कार्यालयको भौतिक सम्पत्तीको उचित ब्यवस्थापन गर्दै पुराना र मर्मत गर्न नसकिने/बढी खर्चलाग्ने असान्दर्भिक सामाग्रीहरुको लिलाम बिक्रि गर्ने नीति लिइनेछ ।

८. भ्रष्टाचार र अनियमित कार्यलाई कडाइका साथ नियन्त्रण गर्दै पारदर्शिता र जवाफदेही प्रणालीलाई सुदृढ तुल्याइनेछ ।

९. सहायता कक्ष, गुनासो ब्यवस्थापन, सूचना ब्यवस्थापन र नागरिक वडापत्रको समसामयिक ब्यवस्थापन गरिनेछ ।

१०. सार्वजनिक सेवा प्रवाहलाई व्यवस्थीत र प्रभावकारी बनाउनका लागि कर्मचारी र राजनीतिक पदाधिकारीहरुलाई जिम्मेवार, जवाफदेही, पारदर्शि र जनउत्तरदायी बनाईनेछ।

११. राष्ट्रसेवक कर्मचारीको क्षमता विकास, व्यवसायिकता अभिवृद्धि र प्रतिस्पर्धी बनाउनको लागि मौद्रिक र गैर-मौद्रिक उत्प्रेरणा प्रदान गरिनेछ । आगामी श्रावण १ गते देखि लागु हुने गरी नेपाल सरकारले घोषणा गरे मुताविक राष्ट्रसेवक कर्मचारीहरुको तलब बृद्धि गरी बजेटमा ब्यवस्था गरिनेछ । करार सेवामा कार्यरत न्यून पारिश्रमिक भएका स्वास्थ्यकर्मी लगायत कर्मचारीहरुको पारिश्रमिकका सम्बन्धमा आर्थिक श्रोतलाई मध्येनजर गरी थप केही बृद्धि गरी क्रमिक रुपमा मिलान हुनेगरी बजेट ब्यवस्था गरिनेछ ।

१२. यस नगरपालिकामा कार्यरत राष्ट्रसेवक कर्मचारीहरुको उत्प्रेरणा र कार्यसम्पादनमा अभिवृद्धि ल्याउनको लागि कार्यसम्पादनमा आधारीत उत्प्रेरणा कोष बनाईनेछ । कार्यसम्पादनमा आधारीत उत्प्रेरणा कोष सञ्चालन कार्यविधि निर्माण गरी कर्मचारीको निरन्तर उत्प्रेरणा गराईनेछ ।

१३. उत्कृष्ट काम गर्ने कर्मचारीलाई पूरुष्कृत गरीनेछ ।

**१४.** कर्मचारीलाई प्रत्येक ४ महिनामा १ पटक पुनर्ताजकी तालिमको ब्यबस्था मिलाईनेछ ।

**१५.** कार्यालयबाट प्रदान गरिने सेवालाई चुस्त, दुरुस्त र प्रभावकारी बनाउनुका साथै अभिलेख प्रणालीलाई ब्यवस्थीत बनाउन सूचना प्रविधिको अधिकतम उपयोग गरिनेछ ।

१६. सेवा प्रवाहलाई गुनासो रहित बनाउनका लागि Proactive Public Service Delivery र मुस्कानसहितको सेवा प्रवाह प्रणालीमा जोड दिईनेछ ।

१७. नगरपालिकामा रिक्त दरबन्दी राखीनेछैन, स्विकृत दरबन्दीअनुसार योग्यता प्रणालीका सिद्धान्तलाई अवलम्बन गरी कर्मचारी माग गरिनेछ ।

१८. नगरपालिकाको विभिन्न प्रकृतिको बेरुजुहरु पुर्ण रुपमा फछ्यौंट गरी बेरुजुरहित नगरपालिका बनाउन पहल गरिनेछ ।

१९.  आर्थिक अनुशासन र मितव्ययिता कायम गर्न सार्वजनिक प्रशासनका नविन मुल्य र औजारहरुको भरपुर उपयोग गरिनेछ ।

२०.  नगरपालिकाको आन्तरिक नियन्त्रण कार्यविधि निर्माण गरी प्रभावकारी रुपमा कार्यान्वयन गरीनेछ ।

२१.  अधिकारको विकेन्द्रीकरण गरी वडा कार्यालयबाटै सेवा प्रवाह हुने सुनिश्चित गरिनेछ ।

२२.  खरिद योजना र गुरुयोजना तयार गरी खरिद कार्यका लागि खरिद इकाई/शाखा लाई प्रभावकारी बनाइनेछ ।

२३.  योजना तथा  अनुगमन शाखा र सूचना प्रविधि शाखाको संयुक्त प्रयासमा नगरस्तरीय तथ्याङ्क वैंकको विकास गरिनेछ ।

२४.  नगरको पञ्चवर्षिय आवधिक योजना तयार गरिनेछ ।

२५.  मध्यकालिन खर्च संरचना तयार गरी बजेट सँग योजना प्रणालीलाई आवद्ध गरिनेछ । राजस्व सुधार कार्य योजना (RAIP) र वित्तिय परिचालन योजना (FOP) लाई अद्यावधिक गरी आम्दानी र खर्चको प्रभावकारी परिचालन गर्ने नीति लिइनेछ ।

२६.  कार्यपालिकाको कार्यालय तथा विषयगत शाखा वा इकाईको सेवा प्रवाहलाई सूचना प्रविधीमैत्री बनाउन आवश्यक बजेटको यवस्था गरिनेछ ।

२७.  नगरपालिकामा उत्कृष्ट कार्य सम्पादन गर्ने राष्ट्रसेवक कर्मचारी र  शिक्षकलाई प्रति व्यक्ति रु. १०,००० उत्कृष्ट सेवा पुरुस्कार प्रदान गरिनेछ।

२८.  सवारीसाधन दर्ता, नविकरण गरी नगर क्षेत्रको बजार ब्यवस्थापन र रोजगारी सृजना गरिनेछ।

२९.  सवारीसाधन दर्ता गरी भाडा दर रेट कायम र नियमन गरिनेछ।

३०.  नगरबासिको सुविधा र पर्यटन प्रवर्द्धनका लागि मेलौली मेयर नगरबस सञ्चालनमा ल्याईनेछ ।भौगोलिक रुपबाट अन्तरपालिका साझेदारी गर्न सहज हुने सिवनाथ र पञ्चेश्वर गाँउपालिकासँग अन्तरपालिका नगरवस साझेदारी गरीनेछ।

**आदरणीय सभाध्यक्ष महोदय,**

अव म माथीका नीति तथा कार्यक्रमहरु कार्यान्वयनका लागि बजेट विनियोजन र स्रोत ब्यवस्थापनको अनुमान प्रस्तुत गर्न चाहन्छु ।

आगामी आर्थिक वर्ष २०७९/८० को नीति तथा कार्यक्रम कार्यान्वयन गर्नका लागि रु. ५३ करोड १९ लाख ७६ हजार अनुमान गरेको छु । कुल विनियोजन मध्ये पूँजीगत तर्फ रु. १८ करोड ५९ लाख २६ हजार अर्थात ३४.९५ प्रतिसत र चालु तर्फ रु. ३४ करोड ६० लाख ५० हजार अर्थात ६५.०५ प्रतिसत रहने अनुमान प्रस्तुत गरेकोछु ।

| क्र.स. | बजेट स्रोत आय तर्फ | अनुमानित रकम |
|---|---|---|
| १ | राजश्व बाँडफाँड संघ | ९ करोड १२ लाख २५ हजार |
| २ | राजश्व बाँडफाँड प्रदेश | ४४ लाख ५० हजार |
| ३ | वित्तीय समानिकरण संघ | १० करोड ३३ लाख |
| ४ | वित्तीय समानिकरण प्रदेश | ७० लाख ५१ हजार |
| ५ | आन्तरिक स्रोत | ५० लाख |
| ६ | गत आ.व. को वैङ्क मौज्दात | १ करोड ५० लाख |
| ७ | सशर्त अनुदान संघ (चालु) | २२ करोड १ लाख |
| ८ | सशर्त अनुदान संघको (पूँजीगत) | १ करोड ९१ लाख |
| ९ | विशेष अनुदान संघको (पूँजीगत) | ३ करोड |
| १० | विशेष अनुदान संघ (चालु) | ५० लाख |
| ११ | समपुरक अनुदान संघको | ४० लाख |
| १२ | विशेष अनुदान प्रदेश | ९० लाख |
| १३ | समपुरक अनुदान प्रदेशको | ६२लाख ५० हजार |
| १४ | औद्योगिक ग्राम स्थापना | ९२ लाख |
| १५ | सडक वोर्ड नेपाल पूँजीगत | ३३ लाख |
| १६ | जम्मा | ५३ करोड १९ लाख ७६ हजार |

यी नीति तथा कार्यक्रमको कार्यान्वयनबाट नगरवासी जनताको आर्थिक सामाजिक अवस्था परिवर्तन हुने, वातावरण संरक्षणमा गुणात्मक सुधार, राजश्व संकलनमा केही बृद्धि हुनुका साथै भौतिक पूर्वाधार निर्माण र सेवा प्रवाहमा सुधार आई सुशासनको अनुभूति हुने विश्वास लिएको छु ।

**अन्त्यमा,**

यस नीति कार्यक्रम एवम् बजेट निर्माण प्रक्रियामा महत्वपूर्ण सहयोग गर्नुहुने आदरणीय नगरप्रमुखज्यू, प्रमुख प्रशासकीय अधिकृतज्यू, योजना तर्जुमा समितिका सदस्यज्यूहरु, राजश्व परामर्श समितिका सदस्यज्यूहरु, विषयगत समितिका संयोजक र सदस्यज्यूहरु, लेखा समितिका सदस्यज्यूहरु, कार्यपालिकाका सम्पूर्ण सदस्यज्यूहरु , विभिन्न राजनैतिक दल, उद्योग बाणिज्य संघ लगायत सरोकारवाला निकायहरु, सम्पूर्ण कर्मचारी साथीहरु र अमुल्य सल्लाह सुझाव दिनु हुने सबै प्रति हार्दिक आभार प्रकट गर्दै धन्यवाद व्यक्त गर्दछु । धन्यवाद !

.........................

पार्वति वोहरा विष्ट

नगर उपप्रमुख